# शहिद लखन गाउँपालिका

# टोल विकास संस्था सञ्चालन कार्यबिधि, २०७५

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

प्रमाणित

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

# शहिद लखन गाउँपालिका

# टोल विकास संस्था सञ्चालन कार्यबिधि, २०७५

**१. प्रस्तावना**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत रहने गरी वडा समितिलाई सहयोग पुऱ्याउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ को २ (क) को २ को अधिकार प्रयोग गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न शहिद लखन गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि बनाएकोछ ।

**२. उद्देश्य**

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

१. टोल, बस्ती स्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने,
२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोल स्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने,
३. टोल बस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,
४. आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,
५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,
६. बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्वारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास निर्माण कार्यमा सहयोग गर्ने,
७. टोल विकास संस्थालाई वडाभन्दा तल्लो इकाइको रुपमा विकास गरी सहभागिता मूलक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,
८. टोलका सदस्यहरुमा गरिबलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,
९. टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने,
१०. वातावरणमैत्री तथा बालमैत्री गाउँ घोषणा गर्ने आवश्यक सहयोग गर्ने,
११. उत्कृष्ट काम गर्ने टोल विकास संस्थालाई प्रोत्साहन,पुरस्कार प्रदान गर्ने,
१२. टोल वासीहरुमा पारस्परिक सद्भाव र सामाजिक उत्तर दायित्वको भावना जागृत गराउने,
१३. समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

२०७८/११/१२
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

**३. गठन**

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :

१. गाउँपालिका क्षेत्र भित्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलो पटकका लागि टोल वासीको आम भेलाबाट टोल बिकास संस्थाका कामलाई व्यवस्थित गर्न अध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास संस्थाको तदर्थ कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मती वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास संस्थाको कार्य समितिको पदाधिकारीको पदावधि २ वर्षको हुनेछ । समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ । तदर्थ कार्य समितिले १ वर्ष भित्र टोल सभा बोलाई कार्य समिति गठन गनुपर्नेछ ।

३. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नुपर्दछ । सो सम्भब नभए कम्तीमा ८० प्रतिशत सहभागि गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागि भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४. टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्ने अनुसूची-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

५. टोल विकास संस्था गठन हुँदा वडा अध्यक्ष वा कम्तीमा कुनै एक जना वडा सदस्यको रोहवरमा गठन गर्नुपर्नेछ ।

**४. दर्ता/सूचिकृत तथा**

टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछ :

१. टोल विकास संस्थाको बैठकले सर्वसम्मत निर्णय गरी टोल विकास संस्थालाई सम्बन्धित वडा कार्यालयमा दर्ता/सूचिकृत अनुसूचि-२ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ । टोल विकास संस्थाबाट निर्णय भई दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित वडा कार्यालयले अनुसूचि-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

**५. टोल विकास संस्थाको खारेजी तथा नयाँ गठन**

१. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानून बमोजिम गर्न नपाउने कार्य गरेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

**६. टोल विकास संस्थाका कार्यहरु**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :

२०७८/११/१२

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

१. टोलमा जातीय, लिंगीय वा वर्गीय विभेदको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग समन्वय एवं सहकार्य गरी टोलको विकासको लागि काम गर्ने,

३. टोलमा विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

४. टोलमा ढल तथा फोहोरमैला व्यवस्थापन लगायतका सेवा प्रवाहमा गाउँपालिकाको स्विकृतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिन सक्ने,

५. टोलको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

६. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना बनाउने,

७. छुवाछुत, अन्धविश्वास, कुप्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने,

८. टोलको आर्थिक तथा सामाजिक सूचना र तथ्याङ्क अद्यावधिक गरी अभिलेख राख्ने,

९. सहभागितामूलक योजना तर्जुमा गर्न टोलको प्राथमिकता पहिचान गरी वडामा सिफारिस गर्ने,

१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

११. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

१३. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता जस्ता सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

१४. टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने,

१५. गाउँपालिकाको राजस्व अभिवृद्धिका लागि सहयोग प्रदान गर्ने,

१६. संस्थामा प्राप्त भएको रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

१७. गाउँपालिकासँग भएको समझदारी अनुसारका सामाजिक तथा सेवामूलक कार्यहरु गर्ने ।

१८. फोहरमैला व्यवस्थापनलाई प्रतिकूल असर हुने गरी कोही कसैले कुनै कार्य गरेमा टोल विकास संस्थाले निर्णय गरी जरीवाना गर्न सक्नेछ ।

**७. टोल विकास संस्थाको कार्य समितिको बैठक**

टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

१. टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटक बस्नेछ ।

२०७८/११/१२
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

२. समितिको बैठकमा सामाजिक परिचालक, गाउँपालिका र वडाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखि कम्तीमा कार्यसमितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवबाट प्रमाणित गराउनु पर्नेछ ।

**८. टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**क) खाता संचालन**

१. हरेक टोल विकास संस्थाको एउटा छुट्टै बैंक खाता संचालन हुनेछ ।

२. टोल विकास संस्थाको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**ख) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२. एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमामेजिम बैठक बोलाउने ।

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने ।

४. संस्थाले गरेका विभिन्न क्रियाकलापहरुको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

५. तोकिएका अन्य कार्यहरु गर्ने ।

**(घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

२. आम्दानी र खर्चको लेखापरीक्षण गराउने ।

२०८०/११/१६
ओदन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

३. बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. गाउँपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाव-किताब जाचँ गर्ने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको नियमित रुपमा मूल्यांकन गर्ने ।

४. आवश्यकता अनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको बारे जानकारी लिने ।

५. आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६. तोकिएको अन्य कार्यहरु गर्ने ।

**९. आर्थिक व्यवस्थापनः**

संस्थाको आम्दानी, खर्चको लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**(क) खाता संचालनः-**

१. हरेक टोल विकास संस्थाको एउटा छुट्टै बैंक खाता संचालन हुनेछ ।

२. टोल विकास संस्थाको खाता अध्यक्ष, कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**(ख) टोल विकास संस्थाको आम्दानी :-**

१. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान,

२. टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी,

३. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याएको रकम ।

४. संस्थाले अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

**(ग) खर्च**

१. संस्थाको विकास निमार्णका लगि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च गर्न सक्नेछ ।

२. संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**(घ) लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ :

१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापन भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्नेछ ।

गाउँपालिकाको कार्यालय
गोरखा

२०७८/११/१९
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

२) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गनुपर्नेछ ।

**(ङ) लेखापरीक्षण**

संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

१. संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

२. संस्थाले नियमित रुपमा लेखापरीक्षण नगराएको अवस्थामा गाउँपालिकाले संस्थाको लेखापरीक्षण गर्न गराउन सक्नेछ ।

३. संस्थाले आफ्नो वार्षिक लेखापरिक्षणको प्रतिवेदन सम्बन्धित वडा र गाउँपालिकामा समेत पेश गनुपर्नेछ ।

**१०. विविध**

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसँग बाझिएको हदसम्म स्वत : खारेज हुनेछ ।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन वा अस्पष्टता भएमा गाउँ कार्यपालिकाले निर्णय गरी स्पष्ट गर्ने वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०७८।११।१८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि - १

**...................टोल विकास संस्थाको विधान**

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागिता मूलक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो........................टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान .....................टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ........................हुनेछ ।

(ग) यो विधान................टोल विकास संस्थाको साधारण सभाबाट पारीत भई वडा कार्यालयबाट स्वीकृती प्राप्त गरी टोल विकास संस्थाको दर्ता भएको मितिदेखि लागु हुनेछ ।

(घ) यस संस्थाको कार्यालय.....................मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमाजिम हुनेछ :

पूर्व....................पश्चिम......................

उत्तर..................दक्षिण......................

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. 'संस्था' भन्नाले......................टोल विकास संस्थालाई समझनुपर्छ ।

२. 'विधान' भन्नाले .................... टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

३. 'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. 'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

५. 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

६. 'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।

**३. संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

२०७८/११/१२
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न र उपयोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्ने पाउने छैन । संस्था बिघठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरु :**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिम उद्देश्य हुनेछ :

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने,

(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने,

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने,

(घ) संस्थालाई सहभागितामूलक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने,

(ङ) संस्थाको सदस्यहरुको क्षमता विकासका लागि तालिम संचालन गर्ने आदि ।

**५. टोल विकास कार्य समितिको गठन**

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

१) गाउँपालिका क्षेत्र भित्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२) पहिलो पटकका लागि टोल वासीको आम भेलाबाट टोल विकास संस्थाका कामलाई व्यवस्थित गर्न अध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास संस्थाको तदर्थ कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मती वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास संस्थाको कार्य समितिको पदाधिकारीको पदावधि २ वर्षको हुनेछ । समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ । तदर्थ कार्य समितिले १ वर्ष भित्र टोल सभा बोलाई कार्य समिति गठन गनुपर्नेछ ।

३) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नुपर्दछ । सो सम्भब नभए कम्तीमा ८० प्रतिशत सहभागि गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागि भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४) टोल विकास संस्थामा ७ देखि ११ जनाको कार्य समिति हुनेछ ।

**६. संस्थाका कार्यहरु :**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

१. टोलमा जातिय, लिंगीय वा वर्गीय विभेदको भावना हटाई सबै सदस्यहलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग समन्वय एवं सहकार्य गरी टोलको विकासको लागि काम गर्ने,

३. टोलमा विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

४. टोलमा ढल तथा फोहोरमैला व्यवस्थापन लगायतका सेवा प्रवाहमा गाउँपालिकाको स्विकृतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिन सक्ने,

५. टोलको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

६. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना बनाउने,

७. छुवाछुत, अन्धविश्वास, कुप्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने,

८. टोलको आर्थिक तथा सामाजिक सूचना र तथ्याङ्क अद्यावधि गरी अभिलेख राख्ने,

९. सहभागिता मूलक योजना तर्जुमा गर्न टोलको प्राथमिकता पहिचान गरी वडामा सिफारिस गर्ने,

१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

११. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

१३. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता जस्ता सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

१४. टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने,

१५. गाउँपालिकाको राजस्व अधिवृद्दिका लागि सहयोग प्रदान गर्ने,

१६. संस्थामा प्राप्त भएको रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

१७. गाउँपालिकासँग भएको समझदारी अनुसारका सामाजिक तथा सेवामूलक कार्यहरु गर्ने ।

**७. सदस्यता**

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

२०७८।११।१२
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्यता बन्न इच्छुक नयाँ टोलबासीहरुले संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने**

देहायको अवस्थामा संस्थाको सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराई संस्थाको सदस्यबाट हटाएमा ।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि**

संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौल भएपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधनीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीका व्यक्तिहरु सदस्य हुनेछन् ।

(ग) संस्थामा कम्तिमा ३३ प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

संस्थाका पदधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

२०७८/११/१२

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२. एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमामेजिम बैठक बोलाउने ।

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने ।

४. संस्थाले गरेका विभिन्न क्रियाकलापहरुको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

५. तोकिएका अन्य कार्यहरु गर्ने ।

**(ग) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

२. आम्दानी र खर्चको लेखापरीक्षण गराउने ।

३. बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाव किताब चेक/जाँच गर्ने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

४. संस्था संचालनका लगि आवश्यकताअनुसार नीति बनाउन सहयोग गर्ने ।

५. बैठकमा उपस्थित भई छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।

२. साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको ज्येष्ठ सदस्यले गर्नेछ ।

३. साधारण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

४. साधरण सभामा सदस्य संख्याको पहिलो पटक कम्तिमा ५१ प्रतिशत र दोश्रो पटक ३३ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा गणपुरक संख्या पुगेको-मानिनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

२०७८/११/१५

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(क) संस्थाको कार्यसमितिले साधारण सभाको परामर्श प्राप्त गर्न उचित देखि पेश भएका विषयमा परामर्श दिने ।

(ख) लेखापरिक्षक नियुक्ति गर्ने ।

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ङ) कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

(१) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ ।

क) सदस्यताबाट प्राप्त शुल्क ।

ख) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

ग) संस्थाको विभिन्न क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

घ) अन्य आम्दानी ।

(२) प्रत्येक आ.व. को लेखा तयार गरी पछिल्लो आ.व.को असोज महिना भित्र लेखा परीक्षण गराई सो प्रतिवेदन साधारण सभामा प्रस्तुत गर्ने
जिम्मेवारी कार्य समितिको हुनेछ ।

(३) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग नेपाल सरकारको प्रचलित कानुन र गाउँपालिकाको टोल विकास संस्था गठन तथा संचालन कार्यविधि २०७५ बमोजिम संस्थाको साधरण सभाको स्विकृतिमा कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा**

(क) समितिका सदस्यहरुले सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्य समितिलाई आविश्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास भएमा यथोचित कारण देखाई संस्थाका ५१% सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतीलाई जोड दिइनेछ तर सर्वसम्मति नभएका वहुमतबाट निर्णय हुनेछ ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

**१६. विविध**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी साधारणसभामा पेश गर्नुपर्नेछ । साधारण सभामा उपस्थित सदस्यहरुको कम्तीमा दुई तिहाइ बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वत : खारेज हुनेछ ।

शहीद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरुङ, गोरखा
२०७३

२०७८।११।१८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२
**वडा कार्यालयमा टोल विकास संस्था दर्ता गर्न पेश गर्ने**
**निवेदनको नमुना**

श्रीमान् वडा अध्यक्ष ज्यू, मिति :...................

शहिद लखन गाउँपालिका, वडा नं. ............,

गोरखा ।

**विषय : टोल विकास संस्था दर्ता सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा शहिद लखन गाउँपालिकाको टोल विकास संस्था गठन तथा संचालन कार्यविधि- २०७५ बमोजिम यस गाउँपालिकाको वडा नं.............को.............टोलमा गठन गरिएको ............................................. टोल विकास संस्थालाई कार्यालयमा दर्ता गर्न आवश्यक कागजात संलग्न गरी निवेदन पेश गरेको छु ।

यस ................................ टोल विकास संस्थाको कार्य क्षेत्र अन्तर्गतको चार किल्ला वडा नं. ....... क्षेत्र भित्र सिमित रहने व्यहोरा अनुरोध छ ।

पूर्व सिमाना :..............................

पश्चिम सिमाना :..........................

उत्तर सिमाना :.............................

दक्षिण सिमाना :............................

निवेदक

............................

अध्यक्षको नाम :

टोल विकास संस्थाको नाम :

ठेगाना :

फोन नं.

**संलग्न कागजात:**

१) संस्थाको विधान - २ प्रति

२) संस्था दर्ता गर्ने सम्बन्धी आम भेलाको निर्णयको प्रतिलिपी

३) संस्थाका तदर्थ समितिका पदाधिकारीहरुको नाम थर र नागरीकताको प्रतिलिपि

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि - ३

## शहिद लखन गाउँपालिका

........ नं. वडा कार्यालय

...................., गोरखा ।

### टोल विकास संस्था दर्ता प्रमाण-पत्र

शहिद लखन गाउँपालिका वडा नं. ..... स्थित ........ टोलमा गठन भएको ..................................... टोल विकास संस्थालाई यस कार्यालयमा मिति ...................... गते दर्ता गरी तपशिल बमोजिमको चार किल्ला भित्र कार्यक्षेत्र रहने गरी यो प्रमाण पत्र प्रदान गरीएको छ ।

यस गाउँपालिका, वडा तथा टोलको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन प्रवर्द्धन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

तपशिल:

संस्थाको कार्यक्षेत्र अन्तर्गतको चारकिल्ला

पूर्व .........................................

पश्चिम ....................................

उत्तर ......................................

दक्षिण .....................................

.......................................

वडा अध्यक्ष

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७५।११।१२ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमणिकरण मितिः २०७५।११।१३